नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नं
सूचना नं.०२

मितिः-२०८१/०५/१२
नेपाल सम्बतः- ११४४ गुँलागा १०, बुधवार

**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/१२

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ कास्कीको चालु आ.व. ०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८१/०६/१० गते भित्र) यस कार्यालयमा **अनुसूची-२** अनुसारको ढाँचामा आवेदन तथा **अनुसूचि-३** अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | लक्ष्य | वजेट रु. लाखमा |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | १० पटक | ४० |

**निवेदन साथ संलग्न कागजातहरुः-**

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा **५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका** लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) सहकारी संस्था/कृषि समुहकको हकमा सम्बन्धित संस्थाले निर्णयको प्रतिलिपि ।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

५/१२
(शिशु कंडेल)
कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नः

**द्रष्टव्यः-**

कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम कार्यक्रम संचालन हुने बाली/वस्तु, मूल्य-श्रृंखलाका क्षेत्र र लक्षित वर्गः-

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।
(ख) बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।
(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात
(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।
(ङ) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण ।
(च) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण ।
(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन ।
(ज) जौ, फापर, सिलाम, कोदो उत्पादन, प्रशोधन तथा बजारीकरण ।
(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।
(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय ।
(ट) फलफुल प्रशोधन र बजारीकरण ।
(ठ) खाद्यान्नको बीउ उत्पादन ।
(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण
(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन ।
(ण) घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।
(त) अर्गानिक कृषि निर्यात ।
(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।

<u>थप जाकारीको लागि</u>

**सम्पर्क नं.: ०६१-५८३६१३, ९८५६००७१००, ९८५६००७१०१, ९८५६००७१०३**

इमेलः pmamp.piu.kaski.@gmail.com

वेभ पेजः www.piukaski.pmamp.gov.np

Facebook: pmamp piu kaski

(नि.प्र. कं.ल.) ५/१२
निमित्त कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नं
सूचना नं.:१

मिति: २०८१/०५/१२
नेपाल सम्बतः- ११४४ गुँलागा १०, बुधवार

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्कीको कार्यक्रम प्रस्ताव आह्वान तथा सूचिकृत हुने सम्बन्धि सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/१२

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम देहायका कार्यक्रम सञ्चालन गरिने हुँदा यस कार्यालयमा गत आ.व. २०८०/८१ सम्ममा सूचिकृत भएका र सूचिकृत नभएकाको हकमा अनिवार्य रुपमा सूचिकृत भइ कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित मिति २०८१ आश्विन १० गते भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:-**

१. कार्यक्षेत्र

| क्र.सं. | स्थानीय तह | तरकारी सुपरजोन अन्तर्गतका कार्यक्षेत्र | अलैची जोन अन्तर्गतका कार्यक्षेत्र |
|---|---|---|---|
| १ | अन्नपूर्ण गाउँपालिका | १,२,३,४,५,६,८,९,१० | १,२,३,४,५,७,८,९,१०,११ |
| २ | माछापुच्छ्रे गाउँपालिका | २,३,४,६,७ | २,५,६,७,८,९ |
| ३ | रुपा गाउँपालिका | १,२,३,४,५,६,७ | २,५,६,७ |
| ४ | मादी गाउँपालिका | ४,५,७,९,१०,११,१२ | १,२,३,८,१०,११ |
| ५ | पोखरा महानगरपालिका | सबै वडाहरु | १६,१९ |

२. स्वीकृत वार्षिक कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | लक्ष्य | बजेट (रु. लाखमा) | कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| | **जिल्लाभरबाट आवेदन दिन सकिने कार्यक्रम** | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ३ संख्या | २४ | कृषक समूह, कृषि सहकारी र जल उपभोक्ता समितिहरुबाट सिंचाइ संरचना निर्माण तथा मर्मतका निमित्त आवेदन दिन सकिने, परियोजनाका कार्यक्षेत्रका तरकारी, अलैंची र चैते धान बालीको सिंचित क्षेत्र विस्तारलाई प्राथमिकता दिइने. |
| २ | सोलार सिंचाइ स्थापना | १ वटा | ७ | सौर्य उर्जाको प्रयोगबाट पानी तान्ने सोलार पम्प र पाइप जडान मार्फत सिंचित क्षेत्रफल विस्तार गर्न जिल्लाभरबाट आवेदन दिन सकिने, परियोजनाका कार्यक्षेत्रका तरकारी, अलैंची र चैते धान बालीको सिंचित क्षेत्र विस्तारलाई प्राथमिकता दिइने |
| ३ | चक्लावन्दीमा पकेट/ब्लक/जोन | १ पटक | १० | परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम |

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्योगिकरण"

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ**
**कास्की**

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नं

| | | | | |
|---|---|---|---|---|
| | संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाब्यता अध्ययन र कार्यान्वयनमा सहयोग | | | एकलबाली खेती तर्फ न्यूनतम १४० रोपनी जमिन तथा जमिनको चक्लाबन्दी मार्फत खेतीको हकमा न्यूनतम ६० रोपनी एउटै चक्लामा रहेको हुनुपर्ने |
| ४ | कृषकस्तरमा नविनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाइ केन्द्र स्थापना गर्न सहयोग | २ पटक | १६ | आधुनिक कृषि प्रविधिहरुको अवलम्बन गरी एकिकृत कृषि उत्पादन तथा बजारको दिगो व्यवस्थापन गर्न सक्ने पूर्वाधारहरु भएको एंव स्थानिय कृषि तालिम तथा स्रोत केन्द्रको विकास गरि आसपासका कृषक तथा उद्यमीहरुलाई सेवा प्रवाह गर्न सक्ने<br>कृषि पर्यटनको प्रवर्द्धन गरि ग्रामिण गरिबी न्यूनिकरण गर्न टेवा पुर्याउन सक्ने सम्भावित प्रस्ताव जिल्लाभरबाट आवेदन दिन सकिने |
| ५ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन | १ संख्या | ६ | कृषि तथा पशु विषय अध्ययन हुने कास्की जिल्लाका प्राविधिक शिक्षालयबाट आवेदन दिन सकिने |
| ६ | व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम | ४ पटक | १७ | कास्की जिल्लाभरका कृषक समूह/ कृषि सहकारी/कृषि उद्यमीहरुले आवेदन पेश गर्न सक्ने।अनुदान प्रतिशत स्वीकृत कार्यविधि अनुसार हुने। |
| ७ | Tissue culture प्रविधिबाट अलैंची विरुवा उत्पादन तथा वितरण सहयोग कार्यक्रम | १ पटक | २.५५ | जिल्लामा Tissue culture प्रविधिबाट अलैंची विरुवा उत्पादन तथा वितरणका निम्ति प्रयोगशाला स्थापना गर्न वा संचालन गर्ने निकायबाट अलैंची जोनको कृषकलाई लाभान्वित गराउने योजना सहितको प्रस्ताव जिल्लाभरबाट पेश गर्न सकिने |
| | **चैते धान प्रवर्द्धन कार्यक्रम अन्तर्गत** | | | |
| ८ | चैते धानको क्षेत्रफल विस्तार | २५ हेक्टर | २.१३ | कास्की जिल्लाभरका कृषक समूह/ कृषि सहकारी/कृषि उद्यमीहरुले आवेदन पेश गर्न सक्ने। |
| ९ | धान उत्पादकत्व निमित्त जिङ्क/जाइम वितरण | १ पटक | ०.८५ | |
| १० | धानको मूल्य अभिवृद्धिका लागि प्रशोधन प्याकेजिङ्ग कार्यक्रम | १ पटक | ८ | |

(निशा कंडेल
५/१२
निमित्त कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ**
**कास्की**

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नं

| क.सं. | कार्यक्रम/क्रियाकलाप | लक्ष्य | बजेट (रु. लाखमा) |
|---|---|---|---|
| | **तरकारी सुपरजोन र अलैंची जोन दुवै कार्य क्षेत्रबाट आवेदन दिन सकिने** | | |
| ११ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | ५ संख्या | ३० |
| १२ | गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण | ३० संख्या | ४५ |
| १३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ पटक | ४५ |
| | **अलैंची जोन कार्यक्षेत्रबाट मात्र आवेदन दिन सकिने** | | |
| १४ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | १ संख्या | २.१३ |
| १५ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अलैंची) | २० हेक्टर | ११.०५ |
| १६ | सुधारीएको अलैंची भट्टी निर्माण सहयोग अनुदान | २ वटा | ५ |
| १७ | स्थानीय तहको लागत साझेदारीमा मोनोरेल गार्डन क्यारियरको प्रयोग प्रदर्शनी | १ पटक | १० |
| | **तरकारी सुपरजोन कार्यक्षेत्रबाट मात्र आवेदन दिन सकिने** | | |
| १८ | तरकारी क्षेत्र विस्तारका लागि अस्थायी प्लाष्टिक टनेल निर्माण सहयोग | २.५ हेक्टर | २९.७५ |
| १९ | Ready to grow च्याउको बल उत्पादन सहयोग कार्यक्रम | ८०० संख्या | ०.८५ |
| २० | च्याउ उत्पादन संरचना निर्माणमा सहयोग | ०.१६ हेक्टर | ६.१२ |
| २१ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | १ संख्या | २.१३ |
| २२ | स्थायी प्लाष्टिक टनेल निर्माण एंव संरक्षित संरचना सुदृढीकरण | ५० संख्या | ५० |
| २३ | आधुनिक प्रविधिबाट च्याउ उत्पादनका लागि हाइटेक संरचना निर्माण | १ पटक | ३० |
| | **अघिल्ला आ.व. मा सञ्चालित योजनाहरुले मात्र आवेदन दिन सकिने** | | |
| २४ | गत वर्षका चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिने | २ वटा | १० |

**द्रष्टव्य:**

- पूर्वाधार निर्माणका लागि अधिकतम ८५ प्रतिशत र यन्त्र उपकरण तथा अन्य प्रशोधन सामाग्रीमा अधिकतम ५० प्रतिशतसम्म अनुदान उपलब्ध हुनेछ।
- अस्थायी/स्थायी प्लाष्टिक घर निर्माण कार्यक्रम अन्तर्गत व्यवसायिक तरकारी खेती गर्ने कृषकहरुबाट cluster मा कार्यक्रम सञ्चालन गर्नेहरुलाई प्राथमिकता हुनेछ।
- आवेदन https://piukaski.pmamp.gov.np मार्फत पनि दिन सकिने छ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट सहितको निवेदन
२. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति तथा कृषि फर्म दर्ता तथा नविकारण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को विवरण वा भाडाको जग्गा भएका कम्तिमा ५ वर्षको सम्झौतानामा।
४. निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
५. कृषक समूह/सहकारी संस्था/समितिको हकमा कार्यक्रम माग सम्बन्धि सो संस्थाले गरेको निर्णयको प्रतिलिपि।
६. कार्यालयले उपलब्ध गराएको फारम अनुसारको प्रस्ताव।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२

च नं

<u>सूचिकृत हुन पेश गर्नुपर्ने कागजातहरु:</u>

१. रु. १० को हुलाक टिकट सहितको निवेदन

२. निवेदकको नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि

३. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति तथा कृषि फर्म दर्ता तथा नविकारण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

४. कम्तिमा ३ रोपनी जग्गामा व्यवसायिक तरकारी/अलैंची/प्याज/धान खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि (भाडाको जग्गा भएका जग्गा धनीसँग कम्तिमा ५ वर्षको लागि समझौता भएको सम्झौता)।

<u>थप जाकारीको लागि</u>

सम्पर्क नं.: ०६१-५८३६१३, ९८५६००७१००, ९८५६००७१०१, ९८५६००७१०३

इमेल: pmamp.piu.kaski.@gmail.com

वेभ पेज: www.piukaski.pmamp.gov.np

Facebook: pmamp piu kaski

(निरज कोइराला)

निमित कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८१/०८२
च नं
सूचना नं. ३

मिति: २०८१/०५/१२
नेपाल सम्बतः- ११४४ गुँलागा १०, बुधवार

**कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरुलाई गाई/भैंसी जोन अन्तर्गत सूचिकृत हुने सम्बन्धि सूचना ।**

चालु आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्कीको गाई/भैंसी जोन अन्तर्गतको स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले गाई/भैंसी जोन कार्यक्षेत्र भित्र पर्ने तपसिल स्थानहरुबाट व्यवसायिक गाई/भैसी पालन गर्न इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरुलाई देहाय बमोजिमको आवश्यक कागजातहरु सहित यस परियोजना कार्यान्वय एकाइको कार्यालयमा निवेदन पेश गरी सूचिकृत हुनका लागि सूचित गरिन्छ।

**तपसिल:**

**गाई/भैंसी जोन कार्यक्षेत्र**

| क्र. स. | स्थानीय तह | वडाहरु |
|---|---|---|
| १ | अन्नपूर्ण गाउँपालिका | १,२,३,५ |
| २ | माछापुच्छ्रे गाउँपालिका | ३,४,५,६ |
| ३ | रुपा गाउँपालिका | १,२,३,६,७ |
| ४ | मादी गाउँपालिका | ३,४,५,७,१२ |
| ५ | पोखरा महानगरपालिका | ११,१४,१५,१६,१९,२०,२५,२६,२७,२८,२९,३०,३१,३२,३३ |

**सूचिकृत हुन पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट सहिताको सूचिकृत हुने सम्बन्धि निवेदन ।
२. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति तथा कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

थप जाकारीको लागि

सम्पर्क नं.: ०६१-५८३६१३, ९८५६००७१००, ९८५६००७१०१, ९८५६००७१०३

इमेल: pmamp.piu.kaski.@gmail.com

वेभ पेज: www.piukaski.pmamp.gov.np

Facebook: pmamp piu kaski

(निशा कँडेल) ५/१२
कार्यालय प्रमुख